बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः २०८० संख्याः४६ मितिः२०८०/०५/२९

भाग -२

## बर्जु गाउँपालिकाको

# नगरप्रहरी व्यवस्थापन कार्यविधि,२०८०

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रमाणिकरण

..........................

नाम थर :-जिवछ कुमार राय

पद :-अध्यक्ष

**बर्जु गाउँपालिका सुनसरी**

**नगरी प्रहरी व्यवस्थापन कार्यविधि,२०८०**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०२/२२**

नेपालको संविधानले दिएको स्थानीय तहको अधिकार प्रयोग गर्न साथै सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम बर्जु गाउँपालिका क्षेत्रमा नगरप्रहरीको व्यवस्था गरीशान्ति सुव्यवस्था अमनचयन कायम गर्दै गाउँपालिकाको नीति नियमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन बान्छनीय देखिएकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेकोछ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम“बर्जु गाउँपालिका, नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८०” रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा , -

(क) **नगरप्रहरी** ”भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा (२ क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) “**ऐन**”भन्नाले स्थानीयसरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

(ग) **कार्यक्षेत्र** भन्नाले यस गाउँपालिकाले ओगटेको १ देखि ६ वडा सम्मको भुभागलाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"**भन्नाले बर्जु गाउँपालिका कार्यालय र वडा कार्यालय दुवैलाई सम्झनु पर्छ ।

(ङ) **"तोकिए वातोकिए बमोजिम"**भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"पदपुर्ति समिति"**भन्नालेदफा ७ बमोजिमको पदपुर्ति समिति सम्झनु पर्छ ।

(छ) **"कर्मचारी"**भन्नाले गाउँपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत कार्यरत कर्मचारी निजामती सेवा नियमावली अन्तर्गत नियुक्तभएका कर्मचारी सम्झनु पर्छ ।

(ज) **तेस्रो तह समेत**"भन्नाले स्थानीय तहको सहायक तेस्रो तहको कर्मचारी वा सो सरहको गाउँ प्रहरी भनि सम्झनु पर्दछ ।

(झ) **"करार"** भन्नाले अनुसची १ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्ष बिच पारिश्रमिक एवं आवश्यकता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागिरिएको सम्झौता भनि सम्झनु पर्छ ।

## परिच्छेद २

## नगर प्रहरीको श्रेणी, पद र कार्यालय सम्बन्धि व्यवस्था

**३. श्रेणी र पद :**

**पदः नगर प्रहरी**

**श्रेणी : सहायक तेस्रो तह वा सो सरह र श्रेणी विहिन ।**

**सेवा :** करार.

**४. पदसंख्या निर्धारण :**

(क) तत्कालका लागि नगर प्रहरीको पद संख्या कम्तिमा एक जना तेस्रो तह रहने गरी महिला सहित आवश्यक श्रेणी विहिन नगर प्रहरीको पद पुर्ति गरीने छ । आवश्यकता अनुसार गाउँ कार्यपालिकाको निर्णयले थप पद संख्या निर्धारण गर्न सक्ने छ । पद संख्या थप गर्दा लैंगिक समावेशिता हुर्ने गरी थप गर्नु पर्ने छ ।

(ख) श्रेणी विहिन नगर प्रहरीहरुले तेस्रो तहको नगर प्रहरीको कमान्डमा काम कागज गर्नु पर्नेछ छ । श्रेणी विहिन प्रहरीहरुलाई काममा खटाउने र कार्य सम्पादन हेर्ने जिम्मा सहायक तेस्रो तहको गाउँ प्रहरी कर्मचारीको हने छ । सहायक तेस्रो तहको गाउँप्रहरी कर्मचारीको कार्यसम्पादनको मुल्याङ्कन गाउँपालकिा बाट हुनेछ ।

**५. कार्यालय सम्बन्धि व्यवस्था :**

(क) नगर प्रहरीको कार्यालय भन्नाले गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले व्यवस्था गरे बमोजिमको कार्यालय वा गाउँपालिका अन्तर्गतका वडा कार्यालय वा वडा कार्यालयले व्यवस्था गरे बमोजिमको कार्यालय हुनेछ ।

## परिच्छेद ३

## पदपुर्ति सम्बन्धि व्यवस्था

**६. नगर प्रहरी सेवाको पदपुर्ति :**

(क) नगर प्रहरीको पदपुर्ति अनुसूची २ मा तोकिएको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्वारा हुनेछ ।

(ख) नगर प्रहरीको पदपुर्ति गर्दा लैंगिक समावेशिता हुने गरी पद निर्धारण गर्नु पर्नेछ ।

**७. पदपुर्ति समितिको गठन :**

(क) नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन हुनेछ :

(१) प्रमुख प्रशासकीय अधिृकत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -संयोजक

(२) इलाका प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

(३) अवकाश प्राप्त सुरक्षाकर्मी (आवश्यकता भएमा) - सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

(ख) उपदफा (क) बमोजिम गठन भएको पदपूर्ति समितिमा आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रित गर्न सकिने छ ।

**८. पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(क) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नगर प्रहरीको पाठयक्रम निर्धारण गर्ने,

(२) पदपुर्ति कार्यतालिका बनाउने,

(३) परीक्षाको किसिम तोक्ने,

(४) पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

(५) छनौटको लागि परीक्षाका किसिम र पाठ्यक्रम निर्धारण गर्ने

(६) परीक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र

(७) नियुक्तिको लागि सिफारिश गर्ने ।

(ख) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकाल्ने ।

**९. न्युनतम योग्यता :**

नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्वारा पुर्तिको लागि चाहिने न्युनतम योग्यत अनुसुची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. विज्ञापन प्रकाशन :**

(क) पदपुर्ति समितिले पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्दा स्थानीयस्तरको पत्रिकामा तथा गाउपालिकाको वेवसाइडमा कम्तिमा १५ दिनको दरखास्त दिन सक्ने समयावधी राखेर देहायको बिषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(१) पदको नाम,

(२) आवश्यक संख्या(पुरुष र महिला संख्या समेत खुलाउनु पर्ने ),

(३) दरखास्त दिने म्याद र स्थान,

(४) दरखास्त दस्तुर,

(५) आवश्यक न्युनतम शैक्षिक योग्यता,

(६) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,

(७) सम्पर्क मिति र स्थान,

(८) परिक्षाको तरिका र

(९) अन्य शर्तहरु

(ख) पदपुर्ति समितिले दफा १० को उपदफा (क) बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको संख्या र बिषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठकको निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

**११. दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा :**

(क) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ ।

(ख) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसंग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रतिलिपि उप्लब्ध गराइनेछ

**१२. छनौट सम्वन्धि प्रकृया :**

(क) पदपुर्ति समितिले आवश्यकता अनुसारको परीक्षाको किसिम तय गरी छनौट परीक्षा संचालन गर्न सक्नेछ

(ख) लिखित परीक्षाको पूर्णङ्क ५० हुने छ र पाठ्यक्रम तथा परीक्षा सम्वन्धी व्यवस्था छनौट समितिले निर्धारण गरे बमोजिम हुने छ ।

(ग) अन्तरवार्ताको कूल ५० पूर्णङ्क देहाय बमोजिम विभाजन गरिने छ :

१. स्थानीयता वापत : स्थायी घरठेगाना बर्जु गाउँपालिका भएमा बढीमा १० अङ्क प्रदान गरिने छ । स्थानीयताको निर्धारण आवेदकले पेश गरेको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको स्थायी ठेगाना वा वसाई सराइको प्रमाण पत्रका आधारमा कायम गरिने छ ।

२. अनुभव वापत : सेना वा प्रहरी सेवाको वा म्यादी प्रहरीको अनुभवका लागि वढीमा ५ अङ्क प्रदान गरिने छ ।

३. शारीरिक सुगठन वापत २० अङ्क कायम गरिने छ ।

४. मौखिक  परीक्षाका लागि कूल १५ अङ्क कायम गरिने छ ।

५ गाउँ प्रहरी सहायक तेस्रो तहाको लागि शैक्षीक योग्यता वापत ५ अँक कायम गरी पुर्णङ ५५ हुने छ

(ख) उपनियम (क) बमोजिम परीक्षा संचालन गर्दा लिखीत परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीलाई मात्र अन्तरवार्तामा समावेश गराइने छ ।

(ग)  छनौट कार्यविधि सम्वन्धी अन्य कुरा छनौट समितिले निर्धारण गरे बमोजिम हुने छ ।

**१३. नतिजा प्रकाशन :**

(क) शारीरिक सुगठन परीक्षणमा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र लिखित परीक्षमा सहभागी गराइने छ ।

(ख) लिखीत परीक्षाको नतिजा प्रकाशन गर्दा आवश्यक माग संख्यामा सो को दुई तिहाई संख्याले थप हुने गरी उत्तिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(ग) पदपुर्ति समितिले अन्तरवार्ता सञ्चालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उत्तिर्ण बाहेक एक तिहाई संख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उत्तिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(घ) पदपुर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्नेछ ।

**१४. नियुक्ति गर्ने अधिकारी :**

(क) पदपुर्ति समितिबाट सिफारिश भई सो को अनुमोदन भए पश्चात्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(ख) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्तिदिन दिनुपर्ने छ

**१५. परीक्षण काल :**

(क) नगर प्रहरी पदमा नियुक्ति पाएको नगर प्रहरीलाई छ महिनाको परीक्षण कालमा राखिनेछ ।

(ख) उपनियम (क) अनुसार परीक्षण काल सन्तोषजनक भएको खण्डमा करार संझौता/ नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

**१६. नियुक्ति वदर हुन सक्ने अवस्था :**

(क) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले नगर प्रहरी को नियुक्ति वदर गर्न सक्नेछ ।

(१) परिक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा,

(२) दफा १५ को (ख) बमोजिम नियुक्ति सदर भई कार्य सम्पादन गरिरहेको नगरप्रहरी को अनुसुची ५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।

(ख) दफा १६ मा जे सुकै कुरा उल्लेख भएको भएतापनि गाउँ प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको सवुत प्रमाण सहित फेला परेमा निजको नियुक्ति स्वतः वदर हुनेछ ।

## परिच्छेद ४

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

१७. (क) **नगर प्रहरीको काम, कर्तव्य र अधिकार :**

(क) नगर प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, ढल, पाटी-पौवा, मठ मन्दिर,पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमितको रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिका प्रशासन शाखालाई गराउने ।

(२) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेलापरेमा कार्यवाहीको प्रक्रिया चलाउने ।

(३) कर छली गरेको, ईजाजत वेगर पेशा व्यवस्थापन गरेको तथा विज्ञापन गरेको भेट्टिएमा आवश्यक कार्यवाहीको लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिका कार्यालयलाई जानकारी गराउने ।

(४) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने । सडक पेटीमा अबरोध पुग्ने गरी कसैले व्यापार व्यवस्थापन सँचालन गरेको पाईएमा हटाउने ।

(५) छाडा चौपायाहरुलाई  व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(६) सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने ।

(७) विना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धित वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने ।

(८) गाउँपालिका ऐन नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(९) गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुऱ्याउने ।

(१०) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(११) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(१२) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(१३) गाउँपालिकाको न्यायिक तथा मेलमिलाप कार्यमा आवश्यक सहयोग गर्ने ।

(१४) विपद्का क्रममा घटनास्थलमा गई व्यवस्थापनमा सहयोग गर्ने ।

(१५) नदीजन्य वस्तुको संकलन तथा निकासीमा रेखदेख र नियन्त्रण गर्ने ।

(१६) सवारी पारर्किङ को व्यवस्था मिलाउने र सवारी पारर्किङ को उलँघन गर्नेलाई गाउँपालिकाले तोकेको जरिवना असुल गरी सचेत गराउने । असुल गरेको जरिवना रकम गाउँ पालिकाको कोषमा दाखिला गर्ने ।

(ख) नगर प्रह्री सहायक तेस्रोले नियम १७ को उपनियम (क) मोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै आचरण पालन गरी गाउँ प्रहरीहरुको कार्यमा समन्वय ल्याउने र निरीक्षण एवं नियन्त्रणको कार्य गर्ने ।

**(ग) नगर प्रहरीको आचरण**

१ नगर प्रहरीले तोकोएको जिम्मेवारी अनुसार पदिय जिम्मेवारी पुरा गर्नु पर्ने छ ।

२ राजनितीमा भाग लिन पाईने छैन ।

३ कसैलाई कुनै काममा प्रभाव पाने गरी रिसवत लिने वा दिने कार्य गर्न पाईने छैन।

४ नगर प्रहरी कर्मचारीले आवश्यक परेमा २४ घण्टा नै सेवा दिनु पर्ने छ ।

५ नगर प्रह्री कर्मचारी गाउँपालिका प्रति उत्तरदायी हुनुपर्ने छ र

६ नगर प्रहरी कर्मचारीले गाउँपालिकाको वा वडा कार्यालयहरुको रेख देख गर्नु पर्ने छ ।

७  डिउटिको समयमा मादक पदार्थ सेवन  गर्न पाईने छैन् ।

८कुनै प्रकारको फौज्दारी अभियोग प्रमाणी नभएको हुनु पर्ने छ ।

## परिच्छेद ५

## विदा एवं पारिश्रमिक सम्बन्धि व्यवस्था

**१८. विदा सम्बन्धी व्यवस्था :**

(क)  नगर प्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा  उपभोग गर्न पाउनेछन ।

(१) नगर प्रहरीले बर्षभरीमा जम्मा १२ दिन घर विदा पाउनेछन ।

(२) नगर प्रहरीले बर्षभरीमा जम्मा ६ दिन बिरामी विदा पाउनेछन ।

(३) नगर प्रहरीले बर्ष भरीमा जम्मा ६ दिन भैपरी विदा पाउनेछन ।

(४) पुरुष नगर प्रहरीले कार्यकाल भरीमा अफ्नो वच्चा जन्म भएमा जम्मा २ पटक १५ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन ।

(५) महिला नगर प्रहरीले कार्यकाल भरीमा अफ्नो वच्चा जन्म भएमा जम्मा २ पटक ६० दिनको दरले सुत्केरी विदा पाउनेछन ।

(६) नगर प्रहरीले आफ्नो कुल धर्म अनुसार किरिया बस्नु परेमा र महिला गाउँ प्रहरीको हकमा निजको पतिकिरिया बस्नु परेमा जम्मा १५ दिन क्रिया विदा पाउनेछन ।

(ख) उपदफा (क) मा उल्लेख भएबाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

(ग) उपदफा (क) मा उल्लेख भए अनुसारका विदाहरु अर्को बर्षको लागि सचिंत गर्न पाइने छैन

(घ) माथि जुनसुकै कुराहरु उल्लेख भएतापनि कुनै नियमित तथा आकस्मिक कार्यका लागि गाउँ कार्यपालिकाको कार्यालयले गाउँप्रहरीलाई जुनसुकै बेला काजकामा खटाउन सक्नेछ ।

**१९. पारीश्रमिक सम्बन्धि व्यवस्था :**

(क) नगर प्रहरीहरुको तलब/पारिश्रमिक देहाय बमोजिम हनेछ ।

(१) नगर प्रहरीहरुको  पारिश्रमिक तथा सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(क) नगर प्रहरीलाई १ बर्ष कार्य गरे पश्चात अर्को बर्ष खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च बापत थप सुविधाको व्यवस्था हुनेछ ।

(ख) नगर प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा सम्बन्धित वडा वा गाउँपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ ।

## परिच्छेद ६

## अनुगमन, कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रण

**२०. अनुगमनः**

(क) गाउँपालिका तथा यसले ओगटेको भुभाग भित्र खटिएका नगर प्रहरीको कार्यको अनुगमन कार्य देहाय बमोजिम गरिनेछ ।

(१) नगर प्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र नगर प्रह्री सहायक तेस्रो (कमाण्डले) अनुगमन गर्ने, कार्यालयको हकमा प्रमुख प्रशासकीय अधिकृतले तोकिएका कर्मचारीबाट  नियमित अनुगमन गरिने छ ।

(२)  गाउँकार्यपालिका पदाधिकारीबाट आवश्यक अनुगमन कार्य हुने छ ।

(३) गाउँपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका नगर प्रहरीको अनुगमन गरी प्रत्येक ३ महिनामा वडा कार्यालय र कमाण्डर बाट  गाउँकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुर्पेछ ।

(४) गाउँकार्यपालिकाको कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी गाउँकार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

(ख) नगर प्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरु गाउँकार्यपालिकाको जिन्सी शाखाबाट तथा तोकिएको कर्मचारीबाट उपलब्ध हुने छ र आवश्यकता अनुसार गा पा को प्रशासन शाखाबाट छड्के एवं नियमित जाँचहुनेछ

२१. **कार्य सम्पादन मुल्याङ्कन एवं नियन्त्रणः**

(क) दफा २० उपदफा (क) को ३ र ४ बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकक अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि गाउँप्रहरीको कार्य सम्पादन मुल्याकंन कार्य हुनेछ ।

(ख) दफा २१ को (क) अनुसार कार्य सम्पादन मुल्याङ्कन गर्नको लागि आवश्यक विधि र प्रक्रिया प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई गर्नु पर्नेछ ।

(ग) दफा २१ को उपदफा (क) र (ख) अनुसार नगर प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने सम्वन्धमा सार्वजनीक सेवा तथा सुशासन समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय गर्ने छ ।

(घ) गाउँ कार्यपालिकाको बैठकबाट सिफारिश अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकी अधिकृतले गाउँपालिका प्रहरीको सेवा अवधि थप गर्नु पर्ने छ ।

(ङ) नगर प्रहरीले आफु जुन वडा वा स्थानमा गाउँपालिकाद्वारा खटाइएको हो सो कार्यक्षेत्र वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

## परिच्छेद ७

## विविध

२२. **पोशाक :**

(क) नगर प्रहरी(सहायक तेस्रो तह समेत) को पोशाक गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) उपनियम (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाक कोव्यवस्था गर्न पाइने छैन ।

(ग) गाउँकार्यपालिकाको कार्यालयले पोशाक खर्च बापत नगर प्रहरी(सहायक तेस्रोतह समेत) लाई तोकिएको रकम उपलब्ध गराउन सक्नेछ ।

**२३. जिन्सी सामाग्री सम्बन्धमा :**

(क) गाउँकार्यपालिकाको कार्यालयले दफा २२ को उपदफा (क) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु नगर प्रहरी(सहायक तेस्रो तह समेत) लाई उपलब्ध गराउनेछ ।

(ख) नगर प्रहरी( सहायक तेस्रो तह समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु अद्यावधिक गरी राख्नु पर्नेछ ।

**२४. विदा सम्बन्धि थप व्यवस्था :**

(क) गाउँप्रहरी(सहायक तेस्रो तह समेत) ले परीक्षणकाल मा भरी परिच्छेद ५ को दफा १८ अनुसार पाउने विदा सन्तोष्जनक पदिय जिम्मेवारी पुरा गरेको खण्डमा मात्र पाउने छ।

(ख) परीक्षण काल समाप्त भए पश्चात दफा १८ मा तोकेको सबै विदाको सुविधा प्राप्त हुने छ ।

**२५. उपदान सम्बन्धमा :**

(क) गाउँकार्यपालिकाले गाउँ प्रहरी(सहायक तेस्रो तह समेत) लाई लगातार कम्तिमा ५ बर्ष सेवा गरी सेवा निवृत्त भएमा उपदान स्वरुप कार्यपालिकाले तोके बमोजिम आर्थिक सुविधा दिन सकिने छ ।

(ख) उपदफा (क) अनुसार गाउँकार्यपालिकाले नियम बनाई उपदानको व्यवस्था गर्न सक्ने छ

**२६. राजिनामा सम्बन्धमा :**

(क) नगर प्रहरी( सहायक तेस्रो तह समेत) ले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा गाउँकार्यपालिकाको कार्यालयमा आफुले कार्य छोडनु १५ दिन अघि नै राजिनामा दिनु पर्ने छ ।

(ख) यदि दफा २६ को उपदफा (क) अनुसार राजिनामा नदिएमा सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी पाउने छैन ।

(ग) माथि उपदफा (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ प्रहरी (सहायक तेस्रो तह,समेत) ले कुनै जटील रोगव्याधिले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा निजले पाउनु पर्ने बांकी पारिश्रमिक कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी पाउने छ ।

२७. बिमा सम्बन्धमा :

गाउँकार्यपालिकाले गाउँप्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बिमाको व्यवस्था गर्न सक्नेछ ।

२८. ऐन नियमको पालना :

गाउँ कार्यपालिकाको कार्यालयले यस नियमावली अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसँग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्यवाही गर्दा नेपालको संविधानको साथै विद्यमान रहेका ऐन नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्यवाही गर्नेछ ।

२९. ज्यालादारी मा नगर प्रहरी नियुक्त गर्न सक्ने

(क) गाउँकार्यपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत गाउँप्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(ख) दफा २९ को उपदफा (क) अनुसार प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्नेकार्य गाउँ कार्यपालिकाको अनुमति लिई प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ग) दफा २९ को उपदफा (क) अनुसार नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने तोकिएको वडा कार्यालय वा गाउँपालिका कार्यालयले गर्नेछ ।

(घ) यस दफा बमोजिम नियुक्त हुने गाउँ प्रहरीको नियुक्ति तथा काम कर्तव्य र अधिकार अन्य गाउँ प्रहरी सरह हुनेछ ।

३०. प्रशासनिक व्यवस्थापन :

यस कार्यबिधि अनुसार नियुक्त गरिएका सम्पूर्ण गाउप्रहरीको प्रशासनिक व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन शाखा बाट हुनेछ ।

३१. अख्तियारी सम्बन्धमा :

यस कार्यविधिमामा व्यवस्था गरिएका दफाहरु, उपदफाहरु संसोधन एवं थपघट गर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

अनुसुची- १

## करार सम्झौताको नमुना फाराम

## (दफा २ को उपदफा (झ) संग सम्बन्धित )

### करार सेवा सम्भौता पत्र

बर्जु गाउँकार्यपालिकाको कार्यालय, सुनसरी र जिल्ला, ......... गाउँ/नगरपालिका, वडा नं. ..... बस्ने श्री .............................. बीच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

बर्ज गाउँकार्यपालिकाको कार्यालय, सुनसरी (यस पछि प्रथम पक्ष भनिने) र............ जिल्ला ..................... गाउँ/नगरपालिका, वडा नं. ..... बस्ने .................................. को छोरा/छोरी बर्ष ....... को श्री..........................(यस पछि दोस्रो पक्ष भनिनेका) बिच बर्ज गाउँपालिका भित्र सुरक्षा र रेखदेख कार्यको व्यवस्थाका लागि गाउँप्रहरी पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्धउपन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति बुझि लियौं दियौं ।

१. योकरारनामाको अवधि मिति २०७७ .... गतेबाट २०७८।... गतेसम्म जम्मा..... महिनाको परीक्षण कालको हुनेछ ।

२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. .....................(अक्षरुपी

..........................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार गर्न चाहेमा १५ दिन अगावै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले अन्तिम १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम भुक्तानी दिने छैन ।

४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसँगरहेको जिन्सी सामान र तिर्नु पर्ने बाँकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

५. दोश्रो पक्षले यस करारपत्रकासाथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समयमा करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोश्रो पक्षले गैह्र जिम्मेवार ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।

७. दोश्रो पक्षले करार संझौता तथा संलग्न काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु मिक्लाजुङ गाउँ प्रहरी ब्यबस्थापन कार्यबिधि ,२०७७ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलोले करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई तोकिए बमोजिम हरेक वर्षको चैत्र महिनामा पोशाक खर्च वापतको रकम उपलब्ध गराउने छ ।

१०. यस संझौतामा लेखिएका कुराहरु मा कुनै किसिमको द्विवीधा भएमा आपसि समझदारीमा समाधान गरिने छ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| हस्ताक्षर : ......................... | हस्ताक्षर ..................... |
| नाम थर :......................... | नाम थर .................... |
| दर्जा : प्रमुख प्रशासकीय अधिकृत | .............गाउँ/नगरपालिकावडा नं..... |
| कार्यालयको छाप | |

इति सम्वत् २०७७ साल .......... महिना ........ गते ................ रोज ........ शुभम्।

## अनुसूची- २

## गाउँपालिका नगर प्रहरीको लागि चाहिनेनतमुन्य योग्यता

## (दफा ६ र ९ संग सम्बन्धित )

(क) नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार हुने छ ।

१) नेपाली नागरिकता लिएको ।

-

२) २५ बर्ष पूरा भई बर्ष ४० वर्ष ननाघेको (महिलाको। हकमा २१ बर्ष पूरा भई बर्ष ४० वर्ष ननाघेको, अवकाशप्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

३) कम्तीमा ८ कक्षा उतिर्ण भएको ।

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० केजी हुनुपर्ने । (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारीरिक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

७) नगर प्रहृरी तेस्रो तहलाई माथि १ देखि ६ सम्म उल्लेख भएको सबै योग्यता र थप योग्यतामा दशौकक्षा उत्तिर्ण भएको हुनु पर्ने छ ।

अनुसुची- ३

## दरखास्त फारामको नमुना

(दफा ११ को उपदफा क संग सम्बन्धित )

नियुक्त हुन चाहेको पद : फोटो

विज्ञापन नम्बर :

आवेदन पेश गरेको कार्यालय : गाउँपालिकाको कार्यालय, बर्जु , सुनसरी

व्यक्तिगत विवरण :

नाम थर :

जन्म मिति :

स्थायी ठेगाना :

बाबुको नाम : बाजेको नाम :

आमाको नामः

पेशा :

विवाहित वा अविवाहित :

शैक्षिक योग्यता..................: उतिर्ण

नागरिकता नम्बर : नागरिकता जारी भएको मिति/जिल्ला

अनुभव भए सो को प्रतिलिपी :

संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :

१.

२.

| औंठा छाप | |
|---|---|
| | |

दांया बांया

माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरुसहीसांचो हुन । फरक परेनू कान बमोजिम सहुँला बुझुँला ।

मितिः निवेदकको हस्ताक्षर

अनुसुची- ३

**प्रवेश पत्रको नमुना**

**(दफा ११ को उपदफा क संग सम्बन्धित )**

**परीक्षा प्रवेश पत्र**

नियुक्त हुन चाहेको पद :

विज्ञापन नम्बर :

विज्ञापन मिति :

दर्ता नम्बर :

नाम थर :

श्रेणी, तह :

उम्मेदवारको दस्तखत नमुना :

सम्बन्धित कर्मचारीले भर्ने :

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई संलग्न हुन अनुमती दिइएको छ । विज्ञापनम तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्धहुन सक्नेछ ।

**मिति :** ……………………

**अधिकृतको दस्तखत**

……………………………………………………………………………………………………

**परीक्षा प्रवेश पत्र**

नियुक्त हुन चाहेको पद :

विज्ञापन नम्बर :

विज्ञापन मिति : पासपोर्टसाईजको

दर्ता नम्बर :

नाम थर : फोटो

श्रेणी, तह :

उम्मेदवारको दस्तखत नमुना :

<u>सम्बन्धित कर्मचारीले भर्ने :</u>

यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती । दिइएकोविज्ञापनमाछ तोकिएको शर्तग्नेनपुठहर भएमा जुनसुकै अवस्थामा पनि योति अनुमरद्धहुन सक्नेछ ।

मिति : ..........................

अधिकृतको दस्तखत